# स्थानीय राजपत्र

## पिपरा गाउँपालिका द्वारा प्रकाशित

खण्ड :६ संख्या :३ मितिः २०८०/११/२७

# भाग १

## पिपरा गाउँपालिकाको

## ध्वनी प्रदुषण (नियमन तथा नियन्त्रण) ऐन, २०८०

मूल्य रु ४०

पिपरा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः मितिः २०८०/११/२७

**भाग-१**

## पिपरा गाउँपालिकको

## ध्वनी प्रदुषण (नियमन तथा नियन्त्रण) ऐन, २०८०

## ध्वनी प्रदुषण (नियमन तथा नियन्त्रण) ऐन, २०८०

**प्रस्तावना**

विभिन्न मानवीय क्रियाकलापका कारण उत्पन्न हुने ध्वनी प्रदुषण मानव स्वास्थ्यका लागि हानिकारक भएको र ध्वनी प्रदुषणका कारण खासगरी गर्भवती महिला, मुटुरोगी एवं वृद्धवृद्धा र बालवालिकाको शैक्षिक, मानिसक

र शारिरिक स्वास्थ्यमा गम्भीर नकारात्मक असर पर्नुका साथै सर्वसाधारण जनताको सामाजिक, आर्थिक कृयाकलाप तथा नैतिक मूल्यमान्यता समेत प्रभावित हुने एवं सामाजिक सम्बन्धहरुमा समेत खलल पुग्ने भएकोले ध्वनी प्रदुषण हुने कृयाकलापहरुको न्यूनीकरण, नियमन र नियन्त्रणसम्बन्धी कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ र २२६ एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम पिपरा गाउँपालिकाको १२ औं अधिवेशन गाउँ सभाले यो ऐन तर्जुमा गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम पिपरा गाउँपालिकाको ×ध्वनी प्रदुषण नियमन तथा नियन्त्रण ऐन, २०८०" रहेको छ ।
(२) यो ऐन गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-
(१) ×अनुमतिपत्र" भन्नाले गाउँपालिकाले तोकेको स्थान, मिति र समयमा मात्र प्रयोग गर्न पाउने गरी साङ्गितिक बाजा बजाउन पाउने गरी आयोजकलाई प्रदान गरिएको लिखित अनुमतिपत्रलाई जनाउँदछ ।
(२) ×आयोजक" भन्नाले कुनै पनि प्रकारको साङ्गितिक बाजा प्रयोग गर्नेगरी व्याक्तिगत, पारिवारिक, सामाजिक तथा सामूहिक र राजनीतिक कार्यक्रम आयोजना वा सञ्चालन गर्ने व्यक्ति, परिवार, समुदाय, संघ संस्था र निकायलाई जनाउँदछ र सो शब्दले विभिन्न समयमा साङ्गितिक बाजा प्रयोग गर्ने धार्मिक समूह वा

संस्था र राजनीतिक दल एवं उद्योग व्यावसायीलाई समेत जनाउनेछ ।

(३) ×धार्मिक संस्था" भन्नाले विभिन्न धार्मिक समुदायका मठ, मन्दिर, मस्जिद, गुम्बा, गुरुद्धारा, चर्च र यस्तै प्रकृतिका संस्थालाई जनाउँदछ ।

(४) ×ध्वनी" भन्नाले सुन्ने इन्द्रिय (कान) ले महशुस गर्नेगरी वस्तुबाट सृजित कम्पनलाई जनाउँदछ ।

(५) ×ध्वनी प्रदुषण" भन्नाले मानिस र पशुपंक्षीको श्रवणशक्ति र स्वास्थ्यमा समेत नकारात्मक असर गर्नेगरी यन्त्र तथा औद्योगिक क्षेत्र, सवारी साधन, पटका लगायतका विष्फोटक पदार्थ र साङ्गितिक बाजा समेतबाट कर्कस वा प्रदुषित रुपमा ध्वनी निकाल्ने कार्यलाई जनाउँदछ ।

(६) ×साङ्गितिक बाजा" भन्नाले मानिसले वा विद्युतीय माध्यमबाट बजाउँदा कुनै पनि प्रकारको ध्वनी निस्कने सबै प्रकारका बाजा सहितका बाद्यवादक यन्त्रलाई जनाउँदछ र यस शब्दले आवाज निकाल्ने माईक, डीजे, हर्न, यन्त्र एवं विद्युतीय साधन समेतलाई जनाउनेछ ।

(७) ×सार्वजनिक स्थल" भन्नाले शिक्षण संस्था, स्वास्थ्य संस्था, बालगृह तथा बाल उद्यान, वृद्धाश्रम, सरकारी वा सामाजिक वा सामुदायिक संघ संस्थाका कार्यालय, आवास क्षेत्र, सडक, हाट बजार, धार्मिक क्षेत्र, दाह संस्कार क्षेत्र लगायतका सार्वजनिक रुपमा उपयोगमा रहने स्थललाई जनाउँदछ र सो शब्दले ध्वनी निषेध गरिएका वा ध्वनी निषेधित चिन्ह राखिएका क्षेत्रलाई समेत जनाउनेछ ।

(८) ×गाउँपालिका" भन्नाले पिपरा गाउँपालिकालाई जनाउनेछ ।

(९) ×तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गतको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

**३. सार्वजनिक स्थल र ध्वनी निषेधित क्षेत्रमा ध्वनी प्रदुषण गर्न प्रतिवन्धः** (१) सार्वजनिक स्थल र ध्वनी निषेधित क्षेत्रमा देहायका कार्यहरु गर्न पाइने छैनः

(1) सार्वजनिक स्थल र सोको २०० मीटरको दुरीसम्म ध्वनी प्रदुषण गर्न ।

(2) ध्वनी निषेधित क्षेत्रमा ध्वनी प्रदुषण गर्न ।

(3) रुख, पोल, घरको छत लगायतका अग्लो स्थानमा माईक, साउण्ड बक्स र डिजे राखी बजाउन ।

(4) साङ्गितिक बाजा प्रयोग गर्न।

(5) अश्लिल अर्थ दिने गीत तथा बाजा बजाउन ।

(२) उपदफा (१) बमोजिम ध्वनी प्रदुषण गर्नमा प्रतिबन्ध लगाईएका क्षेत्र वा स्थानहरुमा र गाउँपालिकाले समय समयमा प्रकाशन गरेको सूचनामा तोकिएको समयमा कसैले पनि ध्वनी प्रदुषण हुने क्रियाकलाप गर्न पाईने छैन ।

(३) उपदफा (१) र (२) बमोजिमको सूचनाको पालना गर्नु आयोजक र सबै पक्षको कर्तव्य हुनेछ ।

**४. अनुमतिपत्र लिनु पर्नेः** (१) आयोजकले सार्वजनिक स्थल बाहेक निजी स्वामित्वको व्यावसायिक वा पारिवारिक घर कम्पाउण्ड भित्र प्रदुषण हुने गरी साङ्गितिक बाजा प्रयोग गर्नुपर्ने भएमा वडा कार्यालय बाट अनुमतिपत्र लिनुपर्नेछ ।

तर घर कम्पाउण्डभित्र छिमेकीलाई असर नपर्नेगरी र आफ्नो परिवारका सदस्यले मात्र सुन्ने गरी सानो आवाजमा गीत बजाउने वा बाजा प्रयोग गर्ने भएमा अनुमति लिनु पर्ने छैन ।

(२) वडा कार्यालयले उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गर्दा अनुसूची-१ बमोजिमको अवधीसम्मका लागि मात्र सानो आवाजमा र नियन्त्रित रुपमा साङ्गितिक बाजा प्रयोग गर्न पाउने गरी अनुमति प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति प्रदान गर्दा चाडवाड, उत्सव एवं सांस्कृतिक र वैवाहिक कार्यक्रम हुने दिन वा समयभन्दा अगाडीको दिनदेखि र उक्त कार्यक्रम समाप्त भएपछिको दिनमा पनि ध्वनी प्रदुषण हुनेगरी कार्यक्रम सञ्चालन गर्न अनुमति दिईने छैन ।

(४) गाउँपालिका क्षेत्रभन्दा बाहिरबाट यस गाउँपालिकाको क्षेत्रमा आउने व्यक्ति, समूह वा जन्तिले पनि यस ऐनमा गरिएका व्यवस्थाहरुको पालना गर्नु पर्नेछ ।

(५ ) यस दफामा जे लेखिएको भएतापनि, वडा अध्यक्षले स्वयं अनुमति लिनु परेमा, सो वडा अध्यक्षले स्वास्थ्य शाखा प्रमुख संग अनुमति लिन सक्नेछ ।

५. **धार्मिक स्थलमा साङ्गितिक बाजाको प्रयोग नियमनः** (१) धार्मिक स्थलभित्र ध्वनी प्रदुषण नहुने गरी सानो आवाजमा साङ्गितिक बाजा प्रयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि धार्मिक स्थलमा माईक वा लाउडस्पिकर प्रयोग गरी साङ्गितिक बाजा प्रयोग गर्ने भएमा सम्बन्धित धार्मिक समुदायले वडा कार्यालयबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अनुमतिपत्र माग भएमा सम्बन्धित धार्मिक समुदायको धार्मिक तथा सांस्कृतिक महोत्सवको समयलाई मध्यनजर गर्दै अनुसूची-१ बमोजिमको अवधीसम्मका लागि मात्र नियन्त्रित रुपमा र सानो आवाजमा साङ्गितिक बाजा प्रयोग गर्न पाउने गरी अनुमति प्रदान गर्न सकिनेछ ।

तर कुनै धार्मिक समुदायको ७ दिनभन्दा बढीसमयसम्म धार्मिक तथा सांस्कृतिक महोत्सव गर्ने प्रचलन भएमा त्यस्तो समुदायलाई बढीमा १५ दिनसम्मको अनुमति प्रदान गर्न सकिनेछ ।

**६. राजनीतिक कार्यक्रममा माईक वा लाउडस्पिकरको प्रयोग नियमनः** (१) राजनीतिक कार्यक्रम गर्दा सार्वजनिक स्थलमा माईक, लाउडस्पिकर र डीजे प्रयोग गरी साङ्गितिक बाजा बजाउन पाईने छैन ।

(२) सार्वजनिक स्थल बाहेक अन्यत्र आयोजित राजनीतिक कार्यक्रममा साङ्गितिक बाजा प्रयोग गर्ने भएमा अनुसूची-१ बमोजिमको अवधीका लागि मात्र नियन्त्रित रुपमा माईक वा लाउडस्पिकर प्रयोग गरी साङ्गितिक बाजा प्रयोग गर्न पाईनेछ ।

**७. अनुमतिपत्र दिने अधिकारीः** (१) यस ऐन बमोजिम अनुमति लिनु पर्ने व्यक्ति, परिवार, समुदाय, संघ संस्था र निकायले वडा अध्यक्ष समक्ष मौखिक वा लिखित अनुरोध गर्नु पर्नेछ ।

(२)उपदफा (१) बमोजिमको अनुरोध आएमा सो वडा अध्यक्षले अनुसूची-२ बमोजिमको ढाँचामा अनुमति प्रदान गर्न सक्नेछ ।

(३) वडा अध्यक्षले स्वयं अनुमति लिनु परेमा गाउँ पालिकाको स्वास्थ्य शाखा प्रमुखले अनुसूची -२ बमोजिमको ढाँचामा अनुमति प्रदान गर्न सक्नेछ ।

८. **अनुमतिपत्रको अवधी, ढाँचा** (१) अनुमतिपत्रको अवधी अनुसूची-१ बमोजिम हुनेछ।

(२) अनुमतिपत्र प्रदान गर्दा कसैलाई पनि अनुसूची-१ मा उल्लिखित भन्दा बढी अवधी हुनेगरी साङ्गितिक बाजा प्रयोग गर्ने अनुमतिपत्र प्रदान गरिने छैन ।

(३) अनुमतिपत्रको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ ।

९. **ध्वनी निषेध चिन्ह राख्ने:** (१) गाउँपालिकाले सार्वजनिक स्थल वा ध्वनी निषेधित क्षेत्रहरुमा सबैले देख्नेगरी उपयुक्त आकारमा अनुसूची-३ बमोजिमको ध्वनी निषेध चिन्हको बोर्ड राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको चिन्हको सबैले पालना गर्नुपर्नेछ ।

१०. **साङ्गितिक बाजाको सेवा व्यवसाय दर्ता:** (१) व्यवसायिक रुपमा साङ्गितिक बाजाको सेवा सञ्चालनसम्बन्धी व्यवसाय गर्न चाहने व्याक्ति वा फर्म वा संस्थाले गाउँपालिकामा उक्त व्यवसाय दर्ता गर्नुपर्नेछ ।

(२) गाउँपालिका क्षेत्रभन्दा बाहिरका साङ्गितिक बाजाको सेवा व्यवसाय सञ्चालन गर्ने व्याक्ति वा फर्म वा संस्थाले यस गाउँपालिकाको क्षेत्रभित्र विभिन्न समयमा त्यस्तो सेवा व्यवसाय सञ्चालन गर्ने भएमा यस गाउँपालिकाको अनुमति लिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुमति प्रदान गर्दा यस ऐनमा उल्लिखित व्यवस्थाको पालना गर्ने शर्त गराई अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

**११. यातायातका साधन र औद्योगिक क्षेत्रको ध्वनी प्रदुषण नियन्त्रणः** (१) गाउँपालिका क्षेत्रमा सञ्चालित यातायातका साधन र औद्योगिक क्षेत्रले नेपाल सरकारले निर्धारण गरेको ध्वनी प्रदुषण नियन्त्रण मापदण्डको पालना गर्नुपर्नेछ ।

(२) यातायातका साधन र औद्योगिक क्षेत्रले नेपाल सरकारले निर्धारण गरेको ध्वनी प्रदुषण नियन्त्रण मापदण्डको पालना नगरेको पाईएमा आवश्यक कारवाहीका लागि गाउँपालिका वा प्रभावित व्यक्ति तथा समुदायलले सम्बन्धित प्रहरी कार्यालयमा उजुर गर्न सक्नेछ ।

(३) नेपाल सरकारले निर्धारण गरेको ध्वनी प्रदुषण नियन्त्रण मापदण्डको पालना नगर्ने यातायातका साधन र औद्योगिक क्षेत्रलाई उक्त मापदण्ड पालना नगर्दासम्म गाउँपालिकाले सोको सञ्चालनमा रोक लगाउन सक्नेछ ।

**१२. पटका तथा विस्फोटक पदार्थ नियन्त्रणः** (१) गाउँपालिकाको क्षेत्रभित्र कुनै पनि समयमा कुनै पनि प्रकारका पटका पड्काउन पाइने छैन ।

(२) कुनै विकास आयोजनाका लागि कुनै स्थानमा कुनै वस्तु वा विस्फोटक पदार्थ विष्फोट गराउनु पर्ने भएमा गाउँपालिका र सम्बन्धित क्षेत्रका समुदायलाई सोको जानकारी गराएर मात्र विष्फोट गराउन पाईनेछ ।

(३) उपदफा (२) बमोजिम विस्फोट गराउँदा सृजना हुने ध्वनीलाई सकेसम्म कम र नियन्त्रण हुनेगरी विष्फोट गराउनु पर्नेछ र त्यस्तो विस्फोट गराउँदा मानव स्वास्थ्यमा असर पर्ने देखिएमा गाउँपालिकाले उक्त विष्फोटक कार्यमा रोक लगाउन सक्नेछ ।

**१३. उजुरी गर्न सक्नेः** कुनै आयोजक वा कसैले यस ऐनमा उल्लिखित व्यवस्था विपरित वा अनुमति नलिई वा अन्य किसिमले समेत ध्वनी प्रदुषण गरेको पाईएमा सोबाट प्रभावित व्यक्ति, समुदाय, संघ संस्था वा निकायले गाउँपालिकाको न्यायिक समिति समक्ष उजुर गर्न सक्नेछ ।

**१४. अनुगमन तथा निरीक्षणः** (१) यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाको कार्यपालिका बैठकले वा अध्यक्षले एक अनुगमन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित अनुगमन समितिले गाउँपालिकाबाट अनुमति लिएका वा नलिएका सबै पक्षले ध्वनी प्रदुषण हुनेगरी गरेका कार्यहरुको नियमित अनुगमन गर्नुका साथै देहायका कार्यहरु गर्नु पर्नेछः

(१) ऐन कार्यान्वयन गर्न सरोकारवालाको नियमित बैठक आयोजना गर्ने ।

(२)कानूनी व्यवस्था र आचारसंहितामा भएका व्यवस्था बारे सचेतना अभिवृद्धि गर्ने ।

(३)ऐनको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा निरीक्षण गरी आयोजकलाई कानून पालना गराउन आवश्यक सहजीकरण गर्ने ।

(३ ) अनु गमन समितिले ध्वनी प्रदुषणबाट प्रभावित क्षेत्र र समुदायको निरीक्षण गरी ध्वनी प्रदुषण गर्नेलाई ध्वनी प्रदुषण नियन्त्रण गर्न र अनुमतिपत्रको पालना गराउनका लागि आवश्यक सहजीकरण गरने पर्नेछ ।

**१५. सजायः** गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थल र ध्वनी प्रदुषण निषेधित क्षेत्रमा कसैले पनि ध्वनी प्रदुषण गरेको पाईएमा वा अनुमति नलिई साङ्गितिक बाजा प्रयोग गरेको पाईएमा समितिले ध्वनी प्रदुषण गर्ने यन्त्रहरु तत्काल नियन्त्रणमा लिई देहाय बमोजिम जरिवाना गर्न सक्नेछः

(१) ५००० देखि २५०००।- जरिवाना गरी ध्वनी प्रदुषण गर्ने यन्त्रहरु जफत र अनुमतिपत्र खारेज ।

**१६. पुनरावेदनः** यस ऐन बमोजिम गरिएको सजाय तथा जरिवाना उपर चित्त नबुझ्ने पक्षले पैतिस दिन भित्र जिल्ला अदालत समक्ष पुनरावेदन दिन सकिनेछ ।

**१७. क्षतिपूर्तिः** (१) कसैले सृजना गरेको ध्वनी प्रदुषणका कारण कुनै व्यक्तिको मानसिक वा शारिरिक स्वास्थ्यमा नकारात्मक असर परेमा वा कुनै क्षति भएमा उक्त असर वा क्षतिवापत क्षतिपूर्ति भराई पाउँ भनी प्रभावित व्यक्तिले न्यायिक समिति समक्ष निवेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा न्यायिक समितिले गाउँपालिकाका सम्बन्धित कर्मचारी र सरकारी स्वास्थ्य निकायको समेत सहयोगमा आवश्यक जाँचबुझ गरी मानसिक वा शारिरिक स्वास्थ्यमा नकारात्मक असर परी क्षति हुन गएको देखिएमा सो क्षति वापत न्यायोचित आर्थिक क्षतिपूर्ति उपलब्ध गराउनका लागि ध्वनी प्रदुषकलाई निर्देशन दिन सक्नेछ।

**१८. सहयोग लिन सक्नेः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र हुने ध्वनी प्रदुषण नियमन र नियन्त्रणका लागि आवश्यक परेमा जिल्ला प्रशासन

कार्यालय, प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय र छिमेकी स्थानीय तह लगायतका सम्बन्धित निकायको सहयोग लिन सक्नेछ । (२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र हुने ध्वनी प्रदुषण नियमन र नियन्त्रणका लागि सहयोग माग गरेमा सम्बन्धित निकायले आवश्यक सहयोग गर्न सक्नेछन् ।

**१९. आचारसंहिता जारी गर्न सक्नेः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रमा ध्वनी प्रदुषण नियमन तथा नियन्त्रणका लागि सरोकारवाला व्यक्ति, समुदाय, संघ संस्था वा निकायका प्रतिनिधिहरुको सहभागितामा ध्वनी प्रदुषण नियन्त्रण आचार संहिता तर्जुमा गरी सबै पक्षको प्रतिवद्धता सहित उक्त आचार संहिता जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी गरिएको आचार संहिताको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

**२०. अधिकार प्रत्यायोजन गर्न सकिनेः** यस ऐन बमोजिम गाउँकार्यपालिकालाई प्राप्त अधिकार कुनै विषयगत समिति, अध्यक्ष, अधिकृत वा वडा अध्यक्ष प्रत्यायोजन गर्न सकिनेछ।

**२१. नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्नेः** यस ऐनमा गरिएका व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

**२२. बाझिएमा स्वतः निस्कृय हुनेः** यस ऐनमा गरिएका व्यवस्था सङ्घीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थासँग बाझिन गएको अवस्थामा बाझिएको हदसम्म यो ऐनमा रहेका व्यवस्था स्वतः निष्कृय वा खारेज भएको मानिनेछ।

अनुसूची-१
(दफा ४, ५, ६ र ८ सँग सम्बन्धित)

## अनुमतिको समयअवधी

| अनुमतिपत्रको प्रकार | समय | अधिकतम अवधी |
|---|---|---|
| निजी स्वामित्वको व्यवसायिक स्थान (होटल, रेष्टुरेण्ट, पार्टी प्यालेस, लज आदि) भित्र नियन्त्रित ध्वनी प्रदुषण हुने गरी उत्सव वा अन्य समयमा व्यवसायिक साङ्गितिक बाजा प्रयोग गर्न पाउने अनुमतिपत्र | विहान ८ बजेदेखि बेलुका १० बजे बीच | दैनिक बढीमा ४ घण्टासम्म मात्र |
| निजी स्वामित्वको पारिवारिक घर कम्पाउण्ड भित्र नियन्त्रित ध्वनी प्रदुषण हुने गरी विवाह, जन्मोत्सव लगायतका उत्सवमा व्यवसायिक साङ्गितिक बाजा प्रयोग गर्न पाउने अनुमतिपत्र | विहान ८ बजेदेखि बेलुका १० बजे बीच | दैनिक बढीमा ४ घण्टासम्म मात्र |
| धार्मिक तथा सांस्कृतिक स्थलभित्र नियन्त्रित ध्वनी प्रदुषण हुने गरी चाडपर्वमा साङ्गितिक बाजा प्रयोग गर्न पाउने अनुमतिपत्र | विहान ५ बजेदेखि बेलुका १० बजे बीच | दैनिक बढीमा ५ घण्टासम्म मात्र |
| राजनीतिक कार्यक्रम गर्दा माईक वा लाउडस्पिकर प्रयोग गरी साङ्गितिक बाजा प्रयोग गर्न पाउने अनुमति | विहान १० बजेदेखि बेलुका ७ बजे बीच | दैनिक बढीमा ५ घण्टा मात्र |

अनुसूची-२
(दफा ८ सँग सम्बन्धित)
अनुमतिपत्रको ढाँचा

श्री ............................................................ज्यू ।

विषयः ध्वनी प्रदुषण नियन्त्रण हुने गरी साङ्गितिक बाजा प्रयोग गर्न पाउने अनुमतिपत्र प्रदान गरिएको बारे ।

उपरोक्त सम्बन्धमा तपाईले/.........................................समुदाय, संघ संस्था वा निकायले................प्रयोजनका लागि साङ्गितिक बाजा प्रयोग गर्न पाउने अनुमतिपत्र पाउँ भनी गर्नु भएको अनुरोधका सम्बन्धमा छलफल भई निम्न मिति, समय र स्थानमा ध्वनी प्रदुषण नियन्त्रण हुने गरी साङ्गितिक बाजा प्रयोग गर्न पाउने अनुमतिपत्र प्रदान गरिएको छ ।

मिति............................देखी .....................सम्म
समयः ......................बजेदेखि ..........................बजेसम्म
स्थानः ...................................
साङ्गितिक बाजा प्रयोग गर्दा यस गाउँपालिकाको ध्वनी प्रदुषण नियमन तथा नियन्त्रण ऐन, २०८० र सो बमोजिम गाउँपालिकाले दिएका निर्देशन एवं आचार संहिताको पूर्णपरिपालना गर्नेछु भनी दस्तखत गर्ने ब्यक्तिः

दस्तखतः
नामः
ठेगानाः

अनुमतिपत्र प्रदान गर्ने अधिकारी

दस्तखतः
नामः
पदः
मितिः

अनुसूची-३

(दफा ९ सँग सम्बन्धित)

ध्वनी निषेधित चिन्ह



**आज्ञाले ,**

**सर्बजीत कुमार झा**

**प्रमुख प्रशासकीय अधिकृत**